धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३५४ ◆ २०८३ असार २६ गते शुक्रबार, Friday, July 10, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## अख्तियारमा कार्यरत प्रहरीको सरुवा नियमित प्रक्रियाः प्रहरी

प्रत्यूष समाचारदाता

काठमाडौं । नेपाल प्रहरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत प्रहरी अधिकृतको सरुवा नियमित प्रक्रिया भएको जनाएको छ ।

प्रहरी केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डिआइजी) अविनारायण काफ्लेले बिहीबार विज्ञप्ति जारी गरी सरुवाका सम्बन्धमा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा आएका समाचारमा कुनै सत्यता नरहेको बताउनुभयो । उक्त सरुवा र काज नियमित प्रशासनिक प्रक्रियाअन्तर्गत भएको प्रहरीले स्पष्ट पारेको छ । "अख्तियारमा कार्यरत प्रहरी अधिकृतको काज र सरुवा प्रचलित कानुनी व्यवस्था र स्थापित प्रशासनिक प्रक्रिया बमोजिम गरिएको हो । यो कुनै विशेष घटना, अनुसन्धान, उजुरी वा अन्य कुनै विषयसँग सम्बन्धित नभई नियमित कर्मचारी व्यवस्थापनको सिलसिलामा सम्पन्न गरिएको नियमित प्रशासनिक प्रक्रिया हो", विज्ञप्तिमा भनिएको छ । उहाँले तथ्य र आधिकारिक जानकारीबिना अनुमानका आधारमा समाचार प्रकाशित वा प्रसारित हुँदा आमनागरिकमा भ्रम सृजना हुने र सार्वजनिक संस्थाप्रतिको विश्वासमा नकारात्मक असर पर्ने बताउनुभयो । प्रहरी प्रवक्ता काफ्लेले तथ्यहीन र भ्रमपूर्ण सूचनाको पछि नलाग्न सबैलाई अनुरोध गर्नुभयो । नेपाल प्रहरी सधैं कानुनी व्यवस्था, पारदर्शिता, निष्पक्षता र स्थापित प्रशासनिक प्रणालीको पालना गर्दै आफ्नो जिम्मेवारी निर्वाह गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमा जनाइएको छ । प्रहरीले फेसबुक ह्याक गरी रकम ठगी गर्ने एक युवालाई पक्राउ गरेको छ । सामाजिक सञ्जाल फेसबुक ह्याक गरी अनधिकृत रूपमा पहुँच पुर्याएर ठगी गर्ने कार्यमा संलग्न नुवाकोटका विवेक सुनारलाई बिहीबार पक्राउ गरेको हो । ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले पक्राउ सुनारले विभिन्न व्यक्तिको फेसबुक अकाउन्ट ह्याक गरी उनीहरूका आफन्त र साथीभाइलाई भ्रममा पारी रकम माग्ने र ठगी गरेको पाइएको छ ।

## प्रस्तावित निर्वाचन आयुक्तहरुको सुनुवाइ प्रक्रिया अगाडि बढाउने निर्णय

काठमाडौं । सङ्घीय संसद्को संसदीय सुनुवाइ समिति (संयुक्त)ले निर्वाचन आयोगका प्रस्तावित प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको सुनुवाइ प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

समितिको बिहीबार बसेको बैठकले आयोगका प्रमुख निर्वाचन आयुक्तमा प्रस्तावित मानबहादुर कार्की तथा आयुक्तमा प्रस्तावित डा राजिव सुब्बा र गुरुप्रसाद वाग्लेको सुनुवाइ प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो । समितिका अध्यक्ष बोधनारायण श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले उजुरी आह्वानका लागि शुक्रबार सार्वजनिक सूचना जारी गर्ने निर्णय गरेको छ ।

समितिले आगामी साउन ५ गते अर्को बैठक बसी उजुरीको सुनुवाइ प्रक्रिया अघि बढाइने निर्णय गरेको छ । प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा यही असार १९ गते बसेको संवैधानिक परिषद्को बैठकले उहाँहरुलाई नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको थियो ।

## प्रतिनिधिसभामा राष्ट्रिय सेवा दल विधेयक पेस

काठमाडौं । प्रतिनिधिसभामा राष्ट्रिय सेवा दल विधेयक, २०८३ पेस भएको छ । सभाको बिहीबारको बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले उक्त विधेयक प्रस्तुत गर्नुभयो ।

मन्त्री गौतमले विद्यालयमा अध्ययनरत विद्यार्थीमा देश प्रेम, जनसेवा, राष्ट्रिय एकताको भावना जगाई नैतिक र अनुशासित बनाउन तथा राष्ट्रिय आवश्यकताका आधारमा जुनसुकै नेपाली नागरिकलाई तालिम दिन र तालिम प्राप्त गरेका व्यक्तिलाई स्वयंसेवकका रुपमा राष्ट्र सेवामा खटाउन सक्नेगरी कानुनी व्यवस्था गर्न आवश्यक परेकाले विधेयक प्रस्तुत गरिएको बताउनुभयो ।

त्यसअघि मन्त्री गौतमले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव राख्नुभएको थियो । सभामुख डोलप्रसाद अर्यालले विधेयक प्रस्तुत गर्न अनुमति माग्नेसम्बन्धी प्रस्तावमा विरोधको सूचना प्राप्त हुन नआएकाले उक्त विधेयक प्रस्तुत गर्न अनुमति दिनुभयो । सरकारले यही असार १६ गते सङ्घीय संसद् सचिवालयमा सो विधेयक दर्ता गराएको थियो ।

## सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सामूहिक दुर्घटना बिमा

गोरखा । गोरखाको पालुङटार नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सामुहिक दुर्घटना बिमा गरेको छ । नगरभित्रका विद्यालयमा अध्ययनरत चार हजार ५८२ जना विद्यार्थीको दुर्घटना बिमा गरिएको नगरप्रमुख विवस चिन्तनले जानकारी दिनुभयो ।

"विद्यार्थीको स्वास्थ्य सुरक्षा र दुर्घटनाबाट हुनसक्ने आर्थिक जोखिमलाई ध्यानमा राखेर सामुहिक बिमा कार्यक्रम सुरु गरिएको हो," उहाँले भन्नुभयो, "यसबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी लाभान्वित हुनेछन् ।" विद्यार्थीलाई बिमाको दायरामा ल्याउन नगरपालिका र आइजिआइ प्रुडेन्सियल इन्स्योरेन्सबीच सम्झौता भएको नगरप्रमुख चिन्तनले बताउनुभयो ।

सोही क्रममा नगरपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको सम्भावित दुर्घटना र त्यसबाट पर्नसक्ने आर्थिक जोखिम न्युनीकरणका लागि बिमा कार्यक्रम लागू गरिएको स्पष्ट पारेको छ ।

यसबाट सामुदायिक विद्यालयमा विद्यार्थीको आर्कषण बढाउन मद्दत पुग्ने नगरप्रमुख चिन्तनको भनाइ छ ।

## नेकपाका छ जना एमालेमा प्रवेश

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले बिहीबार नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का पोलिटब्युरो सदस्य डिबी कार्कीसहित ६ केन्द्रीय सदस्यलाई पार्टी प्रवेश गराउनु भएको छ । एमाले केन्द्रीय कार्यालय, च्यासलमा भएको उक्त कार्यक्रममा प्रवेश गर्ने केन्द्रीय सदस्यहरुमा कार्कीसहित राधेश्याम गुप्ता (रुपन्देही), विद्याप्रसाद शर्मा (दैलेख), वामदेव गौतम (दाङ), भोला बराल (मोरङ), दीपक इटानी (धादिङ) र रवीन्द्र बम (बैतडी) हुनुहुन्छ ।

सो अवसरमा एमाले उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ, महासचिव शङ्कर पोखरेल, सचिव पद्मा अर्यालयगायत नेता सहभागी हुनुहुन्थ्यो ।

## सभामुख अर्यालसँग भारतीय राजदूत श्रीवास्तवको शिष्टाचार भेट

प्रत्यूष समाचारदाता

काठमाडौं । सङ्घीय संसद् प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालसँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सिंहदरबारमा बिहीबार भएको उक्त भेटमा सभामुख अर्यालले सरकारले आफ्नो पहिलो १०० दिन पूरा भएको बताउँदै हाले सम्पन्न निर्वाचनका क्रममा भारत सरकारले उपलब्ध गराएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो । उहाँले नेपाल र भारतबीचको सम्बन्ध साझा सभ्यता, भौगोलिक निकटता, सांस्कृतिक तथा सामाजिक सम्बन्धमा आधारित रहेको उल्लेख गर्दै व्यापार, सुरक्षा, नागरिक उड्डयन, जलस्रोत तथा कनेक्टिभिटी लगायत क्षेत्रमा रहेका विभिन्न द्विपक्षीय संयन्त्रमार्फत सम्बन्ध अझ सुदृढ हुँदै गएको स्मरण गराउनुभयो । उच्चस्तरीय भ्रमणको आदानप्रदानले दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाएको सभामुख अर्यालको भनाइ थियो । उहाँले नागरिक उड्डयन रेल तथा बस सेवामार्फत कनेक्टिभिटी विस्तारले दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने उल्लेख गर्दै भविष्यमा थप उडान, रेल तथा बस रुट विस्तार हुने अपेक्षा व्यक्त गर्नुभयो ।

सभामुख अर्यालले भारतको लोकसभाका सभामुख ओम बिरलालाई नेपाल भ्रमणको निमन्त्रणा दिएको जानकारी दिँदै दुवै पक्षका लागि उपयुक्त समयमा उहाँलाई नेपालमा स्वागत गर्न तत्पर रहेको बताउनुभयो ।

भेटमा राजदूत श्रीवास्तवले भारतका लोकसभाका सभामुख बिरला नेपाल भ्रमणका लागि इच्छुक रहेको जानकारी गराउँदै नेपालका सभामुख तथा सांसदहरूलाई भारतको संसदीय अभ्यास अध्ययन तथा अवलोकनका लागि भारत भ्रमणको निमन्त्रणा दिनुभएको थियो ।

## नेपालको स्वास्थ्य क्षेत्रलाई सहयोगको प्रतिबद्धता

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहतासँग नेपालका लागि नर्वेका राजदूत ड्यागनी म्योसबीच बिहीबार शिष्टाचार भेटवार्ता भएको छ ।

उहाँहरुबीच नेपाल-नर्वेबीचको द्विपक्षीय सम्बन्ध तथा स्वास्थ्य क्षेत्रमा भइरहेको सहकार्यलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

भेटमा नर्वे सरकारको सहयोगमा नेपालको स्वास्थ्य प्रणाली सुदृढीकरण, स्वास्थ्य सूचना प्रणाली, मानसिक स्वास्थ्य, स्वास्थ्य शिक्षा, स्वास्थ्य अनुसन्धान, मातृ तथा बाल स्वास्थ्य, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविक कार्यक्रमलगायतका क्षेत्रमा भइरहेका कार्यक्रमबारे समीक्षा गरिएको थियो । मन्त्री मेहताले नेपालको आवश्यकता र बढ्दो रोगको भारलाई दृष्टिगत गर्दै स्वास्थ्य पूर्वाधार विकास, स्वास्थ्य सेवाको डिजिटाइजेशन, जलवायु परिवर्तन र जनस्वास्थ्य, नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवा सुदृढीकरण, स्वास्थ्य पर्यटन र जडीबुटी क्षेत्रलाई सरकारले प्राथमिकतामा राखेको बताउँदै यी क्षेत्रमा नर्वेसँग थप सहकार्यको अपेक्षा रहेको उल्लेख गर्नुभएको छ । राजदूत म्योसले नर्वे सरकारले नेपाल सरकारका विकास प्राथमिकताअनुसार स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

उहाँले नेपालका लागि थप सहकार्यका कार्यक्रमअघि बढाउने तयारी भइरहेको जानकारी दिनुभएको थियो ।

## अन्तरदेशीय ऊर्जा कनेक्टिभिटी नेपालको उच्च प्राथमिकता : मन्त्री श्रेष्ठ

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले नेपालले अन्तरदेशीय ऊर्जा 'कनेक्टिभिटी' मार्फत ऊर्जा व्यापारका लागि छिमेकी राष्ट्रसँग समन्वय र सहकार्य गर्दै आइरहेको बताउनुभएको छ ।

बिहीबार काठमाण्डौमा भएको 'इनर्जी कनेक्टिभिटी इन साउथ एसियाको रिजनल लञ्च इभेन्ट' मा उहाँले अन्तरदेशीय प्रसारण लाइनमार्फत नेपालले भारत र बङ्गलादेशमा विद्युत् व्यापार गर्दै आइरहेको बताउनुभयो ।

"नेपालले द्विपक्षीय तथा बहुपक्षीय माध्यमबाट भारतको ग्रिड प्रयोग गरी बङ्गलादेशमा विद्युत् निर्यात गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो, "अन्तरदेशीय ऊर्जा कनेक्टिभिटी मार्फत नै छिमेकी मुलुकबीच समन्वय र सहकार्य गरी नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्न आवश्यक छ । ऊर्जा कनेक्टिभिटी नेपालको उच्च प्राथमिकतामा छ ।"

मन्त्री श्रेष्ठले नेपालले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट क्षमताको जलविद्युत् आयोजना सम्पन्न गरेर छिमेकी मुलुकमा नवीकरण ऊर्जाको स्रोतको रुपमा रहेको जलविद्युत्बाट उत्पादित विद्युत् निर्यात गर्ने लक्ष्यसहित काम भइरहेको बताउनुभयो । "नेपालले अहिले छिमेकी मुलुक भारत तथा चीनसँग सीमा जोडिएका क्षेत्रमा ४०० केभी क्षमताको 'डबल सर्किट'का प्रसारणलालाइन निर्माणका योजनालाई अघि बढाइ रहेको छ । प्रसारणलाइन निर्माणले पूर्णता पाएसँगै अन्तरदेशीय विद्युत् व्यापारको सम्भावना र ढोका अझै खुल्नेछ ।" नेपालका लागि युरोपियन युनियन (ईयु)का आवासीय राजदूत भेरोनिक लोरेन्जाले ऊर्जा कनेक्टिभिटीमार्फत स्वच्छ ऊर्जाको प्रवर्द्धन गर्ने नीति अघि सार्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "युरोपियन मुलुकले अन्तरदेशीय इनर्जी कनेक्टिभिटी हरुको अभ्यास गरिसकेकाले पनि दक्षिण एसियाली मुलुकले पनि युरोपियन अनुभवलाई कार्यान्वयन गर्दा प्रभावकारी हुने देखिन्छ ।" जलवायु परिवर्तनसँग जुध्न पनि स्वच्छ ऊर्जा प्रवर्द्धन गर्नुको विकल्प नरहेको उल्लेख गर्दै उहाँले दक्षिण एसियाली मुलुकले पनि हरित ऊर्जातर्फ अघि बढ्नुपर्ने बेला भइसकेको बताउनुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले स्वच्छ ऊर्जा प्रवर्द्धन र अन्तरदेशीय कनेक्टिभिटी बढाउनका लागि विभिन्न मुलुकहरुबीच सहकार्य र समन्वयको आवश्यकता रहेको औँल्याउनुभयो ।

उहाँले अन्तरदेशीय विद्युत् व्यापारलाई अझ व्यवस्थित र सरलीकृत गर्न आवश्यक रहेको बताउनुभयो ।

फलोरेन्स स्कुल अफ रेगुलेसनका कार्यकारी उपनिर्देशक अल्बर्टो पोटोत्स्चिगले अन्तरदेशीय विद्युत् व्यापारको कारणले सहलियत तथा सस्तो मूल्यमा एक-अर्कों मुलुकलाई विद्युत् व्यापार गर्ने वातावरण बन्ने बताउनुभयो ।

फ्रान्सका दिगो विकास विभागका निर्देशक निकोलस चेनेटले पछिल्लो समय ऊर्जा सुरक्षा विश्व बजारको मुख्य विषयवस्तु भएको धारणा राख्नुभयो ।

## राष्ट्रिय सहमतिमा संविधान संशोधन गर्नुपर्ने

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टीका सांसद प्रमेशकुमार हमालले राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधन प्रक्रिया अघि बढाउन सरकारलाई सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा संसदीय दलका तर्फबाट आफ्नो धारणा राख्दै उहाँले लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता र मौलिक अधिकारलाई सुदृढ बनाउन संविधान संशोधन गर्न सकिने बताउनुभयो । सांसद हमालले संविधान संशोधन सम्बन्धी बहस नोट तयार गर्न गठित कार्यदलबाट आफ्नो पार्टी अलग भएको सो क्रममा सदनलाई जानकारी गराउनुभयो ।

## सम्पादकीय ....

# दलहरुलाई चुनौती

हामी लोकतान्त्रिक व्यवस्था र सङ्घीय शासन प्रणालीप्रति प्रतिबद्ध छौँ । हाम्रो जोड प्रदेशलाई खारेज गर्ने होइन, बरु यसलाई कसरी थप प्रभावकारी, उत्तरदायी र नागरिकमैत्री बनाउने भन्नेमा हो ।" प्रदेश सभाका सम्बन्धमा सभापति र उपसभापतिका परस्पर विरोधी यी भनाइलाई कतिपयले रास्वपाभित्रको विवादभन्दा पनि उसको राजनीतिक रणनीतिका रूपमा विश्लेषण गरेका छन् ।

हुन पनि एकातिर प्रदेश संरचनासँग असन्तुष्ट ठुलो जमातको मागलाई अर्थमन्त्रीले अघि सारेको प्रदेश सभा खारेजीको प्रस्तावले सम्बोधन गरेको छ भने अर्कातिर वर्तमान संविधान, राजनीतिक सन्तुलन र राष्ट्रिय राजनीतिमा संविधान विरोधी नदेखिन सभापतिको हैसियतमा लामिछानेले सङ्घीयता खारेजी नभई सुधार र प्रभावकारिता भन्दै मध्यमार्गी बाटो खोजेको प्रस्टै बुझ्न सकिन्छ ।

२१ फागुनको निर्वाचनमा रास्वपाले हात पारेको जनादेशपछि कांग्रेस र एमाले जस्ता परम्परागत शक्तिमा छटपटी सुरु भएको छ । उनीहरूको यो सक्रियतालाई किन पनि स्वाभाविक रूपमा हेरिएको छ भने दशकौँदेखि कांग्रेस, एमालेले आलोपालो सरकारको नेतृत्व गर्दै आएका थिए ।

निश्चित भोट बैङ्क थियो । उनीहरूले दाबी गर्दै आएको त्यो भोट बैङ्क पनि अब बाँकी रहेन । खास गरी नयाँ पुस्ता र आमनागरिकमा व्याप्त निराशालाई चिर्दै रास्वपाले आफ्नो पक्षमा आकर्षित गरेपछि पुराना दलको हिजोको त्यो विरासत भत्किन पुगेको छ । सुनिश्चित ठानिएको राजनीतिक भविष्य सङ्कटमा परेको महसुस गरेपछि नै कांग्रेस र एमाले अनि नेकपाका नेतामा यो किसिमको छटपटी सुरु भएको हो ।

हुन पनि रास्वपाले सुशासन, प्रविधिमैत्री सेवा, भ्रष्टाचार विरोधी अभियान र परिणाममुखी कामलाई आफ्नो प्रमुख एजेन्डा बनाएको छ । सरकार गठनको सय दिनको उपलब्धि सार्वजनिक गर्दै सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले शासकीय सुधारमा सरकारलाई ८७ प्रतिशत दिएका छन् । यद्यपि विपक्षी दलले सय दिनमा सरकारले नागरिकमा आशा जगाउन नसकेको भन्दै आलोचना गरेका छन् ।

लोकतन्त्रमा सरकारका गलत कर्मको आलोचना गर्नु प्रतिपक्षीको राजनीतिक धर्म पनि हो । लामो समय सत्तामा रहेका कारण पनि नीतिगत भ्रष्टाचार, ढिलासुस्ती र बेथितिको अपजस कांग्रेस-एमाले जस्ता पुराना दलको थाप्लोमा छ । यो यथार्थ कांग्रेस, एमालेका नेता आजका दिनमा पनि स्वीकार्न तयार छैनन् ।

रास्वपालगायतका नयाँ शक्तिले नागरिकमा पुग्दा बारम्बार हिजोदेखि यही विषयलाई जोडतोडका साथ उठाउँदै आएका छन् । अर्कातिर पुराना दल भने पुरानै शैली, भाषण र आश्वासनका कुरा गरेर बसेका छन् । भोलिका दिनमा त्यसैका भरमा मात्र टिक्न पुराना दललाई पक्कै पनि गाह्रो हुने छ । पुराना दलका नेताले तत्कालै आफूलाई परिवर्तन गरेनन् भने आगामी चुनावमा उनीहरूको राजनीतिक अस्तित्व थप खुम्चिने पक्का छ ।


## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक


**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


# नियमित अन्तरराष्ट्रिय उडानको प्रतीक्षामा गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल

*राधेश्याम विश्वकर्मा*

विमानस्थलको अन्तरराष्ट्रिय टर्मिनल चिटिक्क परेको छ । अत्याधुनिक भवन, चम्किला काउन्टर, एक्स-रे मेसिन, अध्यागमन डेस्क, प्रस्थान कक्ष र धावनमार्ग सबै तयारी अवस्थामा छन् तर यात्रुहरुको भीड छैन । कहिलेकाहीँ चार्टर उडान आउँछ, केही यात्रु ओर्लिन्छन् र फेरि तिनै उक्त विमानमा चढेर फर्किन्छन् अनि फेरि विमानस्थल पहिलेकै सन्नाटामा फर्किन्छ ।

चार वर्षअघि नेपालकै दोस्रो अन्तरराष्ट्रिय विमानस्थलका रुपमा ठूलो उत्साहका साथ सञ्चालनमा आएको भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल आज पनि नियमित अन्तरराष्ट्रिय उडानको प्रतीक्षामा छ । अर्बौं रुपैयाँको लगानी, आधुनिक पूर्वाधार र सरकारले दिएको आकर्षक सहुलियतका बाबजुद विमानस्थलले अपेक्षित गति लिन सकेको छैन ।

विमानस्थल प्रशासन, निजी क्षेत्र र पर्यटन व्यवसायीसँग गरिएको कुराकानीले एउटा साझा निष्कर्ष देखाउँछ । समस्या धावनमार्ग वा भवनको होइन, नीति, बजार व्यवस्थापन र निर्णय क्षमताको हो । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलका निमित्त महाप्रबन्धक श्यामकिशोर साहका अनुसार पछिल्लोपटक थाई एयर एसियाले बैंकक-भैरहवा-बैंकक रुटमा हप्ताको दुई दिन नियमित उडान सञ्चालन गरेको थियो तर त्यो मार्चसम्मको 'विन्टर सिड्युल'सम्म मात्र सीमित रह्यो । अहिले 'समर सिड्युल' सुरु भइसकेकाले अक्टोबरसम्म कुनै नियमित अन्तरराष्ट्रिय उडान छैन । बीचबीचमा चार्टर उडान भने भइरहेका छन् ।

साहका अनुसार वायुसेवा कम्पनीले नियमित सेवा बन्द गर्नुको मुख्य कारण यात्रु अभावलाई देखाएका छन् । "जहाज आउँछ तर अपेक्षित 'अकुपेन्सी' हुँदैन । जानेबेला केही यात्रु भए पनि फर्कंदा जहाज खाली जस्तै हुन्छ । व्यावसायिक कम्पनीले नाफा हेर्ने भएकाले यस्तो अवस्थामा नियमित उडान टिकाउन कठिन हुन्छ", उहाँ भन्नुहुन्छ । तर उहाँ यात्रु नै नभएको निष्कर्षसँग पूर्ण रुपमा सहमत हुनुहुन्न । "लुम्बिनी प्रदेश मात्रै होइन, मधेस, कोशी, सुदूरपश्चिम लगायत विभिन्न प्रदेशबाट विगतमा यात्रु भैरहवा आउँथे । यात्रुको सम्भावना छ । समस्या यात्रु व्यवस्थापनमा भयो", उहाँको भनाइ छ ।

साहका अनुसार अन्तरराष्ट्रिय उडान सफल बनाउन एयरलाइन्स मात्र पर्याप्त हुँदैनन् । यात्रुलाई जहाजसम्म पुऱ्याउने सम्पूर्ण प्रणाली सक्रिय हुनुपर्छ । "वैदेशिक रोजगारीमा जाने श्रमिक पठाउने म्यानपावर कम्पनी, टिकट बिक्री गर्ने ट्राभल एजेन्सी र जनरल सेल्स एजेन्ट ( जिएसए) सबैले मिलेर काम गर्नुपर्थ्यो । त्यो हुन सकेन", उहाँले भन्नुभयो । उहाँका अनुसार कतिपय विदेशी वायुसेवा कम्पनी भैरहवामा उड्न इच्छुक भए पनि उनीहरुको नेपालस्थित जनरल सेल्स एजेन्ट काठमाडौँमै केन्द्रित छन् । उनीहरुको सम्पूर्ण व्यापारिक संरचना राजधानीमै भएकाले उनीहरुले यात्रुलाई पनि काठमाडौँबाटै उडाउन बढी जोड दिने गरेका छन् । "काठमाडौँका जिएसएले स्थानीय ट्राभल एजेन्सीसँग पर्याप्त सहकार्य गरेनन् । भाडामा केही सहुलियत दिने, टिकट सहज उपलब्ध गराउने वा संयुक्त रुपमा बजार प्रवर्द्धन गर्ने काम हुन सकेन । त्यसैले जहाजमा यात्रु भर्न कठिन भयो", साहले बताउनुभयो । उहाँका अनुसार विमानस्थल सञ्चालनमा पूर्वाधारभन्दा ठूलो चुनौती अहिले यही बजार संरचना बनेको छ ।

साहको अर्को प्रश्न आफ्नै राष्ट्रिय ध्वजावाहकप्रति छ । नेपाल वायुसेवा निगम र हिमालयन एयरलाइन्सले भैरहवाबाट नियमित अन्तरराष्ट्रिय उडान सुरु गरेको भए विदेशी वायुसेवा कम्पनीलाई पनि सकारात्मक सन्देश जाने थियो । "नेपाली ध्वजावाहकले नै यहाँबाट उडान सुरु गरेको भए वातावरण बन्ने थियो कि ? त्यसपछि विदेशी कम्पनी आउन पनि सहज हुन्थ्यो", उहाँ भन्नुहुन्छ ।

भैरहवाको भविष्य भारतसँग जोडिएका विषयमा पनि साह स्पष्ट देखिनुहुन्छ । भारतीय वायुसेवा कम्पनीले दिल्ली, मुम्बई, कोलकाता, बेङ्गलोरलगायत विभिन्न सहरबाट भैरहवामा सहजै उडान गर्न सक्छन् । त्यसले भारतीय पर्यटक र बौद्ध तीर्थयात्रीको सङ्ख्या उल्लेख्य रुपमा बढाउन सक्नेछ तर यसका लागि सरकारी तहबाट आवश्यक पहल हुन नसकेको उहाँको गुनासो छ । नेपाल र भारतबीचको एयर सर्भिस एग्रिमेन्ट धेरै पुरानो भएकाले त्यसमा गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थल समेटिएको छैन ।

नयाँ यथार्थअनुसार उक्त सम्झौता पुनरावलोकन गर्नुपर्ने आवश्यकता उहाँ औँल्याउनुहुन्छ । "भारतीय एयरलाइन्सले अहिले काठमाडौँमा दैनिक धेरै उडान गरिरहेका छन् । उनीहरुलाई भैरहवाबाट पनि उडान गर्न सरकारी तहबाट औपचारिक पहल हुनुपर्छ", उहाँको भनाइ छ । सरकारले भैरहवाबाट अन्तरराष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीलाई आकर्षित गर्न विभिन्न आर्थिक सहुलियत उपलब्ध गराउँदै आएको छ । ल्यान्डिङ शुल्क, नेभिगेसन शुल्क र यात्रु सेवा शुल्कमा शतप्रतिशत छुट, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ७५ प्रतिशत छुट तथा काठमाडौँको तुलनामा हवाई इन्धनमा पनि उल्लेखनीय सहुलियत दिइएको छ । यात्रु कम हुँदा एयरलाइन्सलाई हुने आर्थिक क्षति केही हदसम्म यी छुटले पूर्ति गर्ने उद्देश्य राखिएको हो तर उहाँको निष्कर्ष स्पष्ट छ, "सहुलियतले मात्र पर्याप्त हुँदैन । यात्रु व्यवस्थापन र टिकट बजारको संरचना सुधारिएन भने छुटले मात्र नियमित उडान टिकाउन सक्दैन ।"

विमानस्थलको अन्तरराष्ट्रिय हवाई यातायात तथ्याङ्कले पनि उतारचढाव देखाउँछ । सन् २०२२ देखि सन् २०२६ को मे महिनासम्म अन्तरराष्ट्रियतर्फ एक हजार २१८ विमान आवागमन भएका छन् भने ६९ हजार ३१६ यात्रुले सेवा लिएका छन् । सन् २०२३ मा यात्रु सङ्ख्या चार हजार ७५१ मा झरेको थियो । सन् २०२५ मा यो सङ्ख्या बढेर १९ हजार ५९० पुगे पनि अन्तरराष्ट्रिय विमानस्थलको क्षमताअनुसार यो अझै न्यून मानिन्छ । चालु वर्षको मे महिनासम्म चार हजार १५३ यात्रुले मात्र सेवा लिएका छन् ।

भैरहवा विमानस्थलको अर्को विशेषता यहाँ जडान गरिएको इन्स्ट्रमेन्ट ल्याण्डिङ सिस्टम (आइएलएस) हो । साहका अनुसार कम दृश्यता भएका दिनमा पनि सुरक्षित अवतरण गर्न सहयोग गर्ने यो प्रणाली नेपालका लागि महत्वपूर्ण सम्पत्ति हो । अझ रोचक कुरा, यस्तो सुविधा काठमाडौँको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा उपलब्ध छैन तर यसको 'सेकेन्डरी प्रोटेक्सन जोन'को करिब १.३ किलोमिटर भाग भारतीय भूभागमा पर्ने भएकाले भारतसँग आवश्यक सहमति हुन बाँकी छ । यस विषयमा पहिले पत्राचार भए पनि त्यसपछि दुवै पक्षबाट पर्याप्त 'फलोअप' नभएको उहाँ स्वीकार गर्नुहुन्छ । अहिलेसम्म सञ्चालन भएका अन्तरराष्ट्रिय उडानमा यसले कुनै प्रत्यक्ष समस्या सिर्जना गरेको छैन ।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको चार वर्ष बितिसक्दा पनि नियमित अन्तरराष्ट्रिय उडान हुन नसक्नुले निजी क्षेत्रलाई पनि उत्तिकै निराश बनाएको छ । तर निजी क्षेत्रका प्रतिनिधिको बुझाइमा यसको मूल समस्या यात्रुको अभावभन्दा धेरै गहिरो छ । उनीहरुका अनुसार सरकारको नीतिगत अन्योल, काठमाडौँ केन्द्रित हवाई बजार, भारतसँगको अपर्याप्त कूटनीतिक पहल र कमजोर समन्वयका कारण विमानस्थलले आफ्नो वास्तविक सम्भावना उपयोग गर्न सकेको छैन ।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्रबहादुर श्रेष्ठ गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा ढिलाइ हुनुमा सरकारको नीतिगत कमजोरीलाई मुख्य कारण मान्नुहुन्छ । उहाँका अनुसार चार वर्षदेखि सरकारले 'विमानस्थल चल्छ' भन्ने आश्वासन मात्रै दिइरहेको छ ।

अब आश्वासन होइन, ठोस निर्णय आवश्यक छ । उहाँ भन्नुहुन्छ, "काठमाडौँको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा दैनिक अत्यधिक हवाई चाप छ । जहाजहरु अवतरणका लागि लामो समय आकाशमा होल्ड भइरहेका छन् । यस्तो अवस्थामा दोस्रो अन्तरराष्ट्रिय विमानस्थललाई प्रभावकारी रुपमा प्रयोग गर्ने नीति सरकारले तत्काल ल्याउनुपर्छ ।"

सरकारले सबै अन्तरराष्ट्रिय उडान काठमाडौँमै केन्द्रित हुने वर्तमान अवस्था परिवर्तन नगरेसम्म गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलले अपेक्षित गति लिन नसक्ने उहाँको ठम्याइ छ । नेपालमा सञ्चालनमा रहेका अधिकांश अन्तरराष्ट्रिय एयरलाइन्सका एजेन्ट काठमाडौँका सीमित व्यवसायीको नियन्त्रणमा रहेको उहाँको दाबी छ । टिकट बिक्री, बजार व्यवस्थापन, प्रचारप्रसार र यात्रु वितरणको सम्पूर्ण अधिकार केही कम्पनीमा केन्द्रित हुँदा भैरहवा र पोखराजस्ता नयाँ अन्तरराष्ट्रिय विमानस्थलले प्रतिस्पर्धा गर्ने अवसर नै पाएका छैनन् । "काठमाडौँका जिएसएले आफ्नै व्यापारिक हितअनुसार जहाजको बजार व्यवस्थापन गर्छन् । स्थानीय ट्राभल एजेन्सीलाई पर्याप्त सहयोग, सहुलियत वा टिकटको समान पहुँच दिइँदैन", थापा भन्नुहुन्छ । उहाँको प्रस्ताव छ- भैरहवा र पोखराका लागि स्थानीयस्तरका जिएसए नियुक्त गर्ने नीति सरकारले ल्याउनुपर्छ । उडानको सुनिश्चित भए लुम्बिनीका पर्यटन व्यवसायी र ट्राभल कम्पनी ठूलो लगानी गरेर पनि त्यो जिम्मेवारी लिन तयार रहेको उहाँको दाबी छ ।

लुम्बिनी आउने धेरै विदेशी पर्यटक भारतका बौद्ध तीर्थस्थल पनि भ्रमण गर्न चाहन्छन् तर अहिले भारतको इ-भिसा लिएर आएका तेस्रो मुलुकका पर्यटक बेलहिया नाका हुँदै भारत प्रवेश गर्न नपाउने व्यवस्था रहेको श्रेष्ठ बताउनुहुन्छ । यसले बुद्ध सर्किटको अवधारणालाई कमजोर बनाएको उहाँको भनाइ छ । नेपाल सरकारले भारतसँग उच्चस्तरीय कूटनीतिक पहल गरेर यो समस्या समाधान गर्नुपर्नेमा उहाँको जोड छ । पश्चिम नेपालका हजारौँ युवा हरेक वर्ष वैदेशिक रोजगारीमा जान्छन् तर मेडिकल परीक्षण, श्रम स्वीकृति, बायोमेट्रिक र भिसा प्रक्रियाका लागि उनीहरू अझै काठमाडौँ जान बाध्य छन् ।


## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित व्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## ऐतिहासिक उपन्यास बखानको दोस्रो संस्करण सार्वजनिक

काठमाडौं। वरिष्ठ आख्यानकार तथा पत्रकार वसन्त पराजुलीद्वारा सिर्जित ऐतिहासिक उपन्यास 'बखान'को दोस्रो संस्करण प्रकाशित भएको छ।

शिखा बुक्स प्रालिले प्रकाशनमा ल्याएको सो पुस्तकको स्रष्टा समाज नेपालका अध्यक्ष श्रीओम श्रेष्ठ, साहित्यकार जयदेव भट्टराई, मेनका चापागाईंलगायतले मंगलबार सार्वजनिक गर्नुभयो।

सो अवसरमा शिखा प्रकाशनका प्रबन्ध निर्देशक पुष्पराज पौडेलले 'बखान' उपन्यास आम पाठकमाझ सर्वाधिक रुचाइएको कृतिमध्ये एक भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो "'बखान' उपन्यासको माग उच्च रहेको छ। स्वदेश तथा विदेशमा रहेका नेपाली भाषीको रोजाइमा कृति रहेको छ।" उपन्यासमा चितवनको इतिहास, २००७ सालको बन्दीपुर क्रान्ति र २०१८ सालको भरतपुर क्रान्तिलाई तथ्यपरक तथा साहित्यिक शैलीमा सरल भाषामा सटिक मा प्रस्तुत गरिएको छ।

नेपालका पहिलो सहकारी अभियन्ता तथा समाजसेवी बखानसिंह गुरुङको जीवनसङ्घर्षलाई केन्द्रमा राखेर लेखिएको यस उपन्यासले चितवनको सामाजिक, राजनीतिक, सांस्कृतिक तथा ऐतिहासिक रूपान्तरणलाई आख्यानात्मक शैलीमा जीवन्त रूपमा चित्रण गरेको छ। साथै, देशमा भएका विभिन्न क्रान्तिका पृष्ठभूमिसँगै चितवनको बस्ती विकास र जैविक विविधता संरक्षणका विषयलाई पनि उजागर गरिएको छ। श्रष्टा पराजुलीले 'बखान' पाठकमाझ सर्वाधिक रुचाइएको कृतिमध्ये एक भएकाले कृतिको दोस्रो संस्करण प्रकाशन हुनु उपलब्धि र गौरव भएको बताउनुभयो। उहाँले भन्नुभयो "म 'बखान' प्रति माया, विश्वास र निरन्तर साथ दिने सम्पूर्ण पाठकप्रति हार्दिक आभार तथा नमन गर्न चाहन्छु। अगामी दिनमा यस्तो माया पाइरहने अपेक्षा समेत गर्न चाहन्छु।" पत्रकारितासँगै साहित्यक सृजनामा सक्रिय श्रष्टा पराजुलीका यसअघि 'कुमाता', 'मोम्चो' र 'ड्रिमी आइज' प्रकाशित भइसकेका छन्। 'बखान' भने ऐतिहासिक विषयवस्तुमा आधारित उहाँको चर्चित उपन्यासका रूपमा स्थापित भएको छ। उहाँ नेपाल पत्रकार महासङ्घ चितवन जिल्ला शाखाको अध्यक्ष हुनुहुन्छ।

## राष्ट्र बैंकद्वारा २० अर्बको ऋणपत्र जारी

काठमाडौं। नेपाल राष्ट्र बैंक मौद्रिक व्यवस्थापन विभागले रु २० अर्बको ऋणपत्रको बोलकबोलका लागि आह्वान गरेको छ। राष्ट्र बैंकले बिहीबार सार्वजनिक सूचना जारी गरेर ऋणपत्र २०८४ 'च' अनलाइन मार्फत बोलकबोल गर्न सकिने जनाएको छ। ऋणपत्रको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था (काउन्टरपार्टी) मात्र सहभागी हुन पाउने जनाएको छ। काउन्टरपार्टीले ऋणपत्र बोलकबोलमा कबोल गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा ४ अङ्कसम्म) उल्लेख गर्नुपर्ने बताइएको छ।

राष्ट्र बैंकले न्यूनतम रु पाँच करोड र बढीमा रु पाँच करोडले भाग गर्दा निशेष भाग जाने गरी कुल आह्वान रकमसम्म बोलकबोल गर्न सकिने जनाएको छ।

## उपत्यकामा बर्डफ्लु सङ्क्रमण यथावत्

ललितपुर। बर्डफ्लु सङ्क्रमण देशका अधिकांश जिल्लामा नियन्त्रणमा आए पनि काठमाडौं उपत्यका र काभ्रेपलाञ्चोकमा भने जोखिम अझै कायम रहेको छ।

पशु सेवा विभागका अनुसार झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन लगायतका जिल्लामा सङ्क्रमण पूर्ण रूपमा नियन्त्रणमा आइसकेको छ।

विभागका वरिष्ठ पशु सेवा चिकित्सक डा मुकुल उपाध्यायका अनुसार उपत्यकाका तीन जिल्लामा सङ्क्रमणको अवस्था यथावत् रहे पनि काभ्रेपलाञ्चोकमा सङ्क्रमण तीव्र रूपमा फैलिरहेको छ विभागको तथ्याङ्कअनुसार सङ्क्रमण नियन्त्रणका लागि हालसम्म देशभर सात लाख ५४ हजार ५०० पन्छी, १० लाख ९१ हजार ३०३ अण्डा तथा दुई लाख ४३ हजार ६३५ केजी दाना नष्ट गरिएको छ।

त्यसमध्ये काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेमा मात्रै दुई लाख ८६ हजार २७७ पन्छी, एक लाख ७९ हजार ६४ अण्डा र ७४ हजार केजी दाना नष्ट गरिएको विभागले जनाएको छ। डा उपाध्यायका अनुसार जोखिमयुक्त क्षेत्रको स्थलगत अनुगमन गरी सङ्घीय र स्थानीय सरकारको समन्वयमा प्रतिवेदन तयार पारि एको छ। सोही आधारमा सङ्क्रमित क्षेत्रका पन्छी नष्ट गर्ने तथा सङ्क्रमण नियन्त्रणका अन्य उपाय कार्यान्वयन प्रक्रिया अघि बढाइएको छ।

## बञ्जीजम्पप्रति भारतीय पर्यटकको आकर्षण बढ्दो

गण्डकी। पर्यटकीय नगरी पोखरामा साहसिक खेल बञ्जीजम्पप्रति भारतीय पर्यटकको आकर्षण बढेको पाइएको छ। पोखरा महानगरपालिका-१७ रातोपैह्रामा बञ्जी नेपालले सञ्चालनमा ल्याएको बञ्जीजम्प गर्नेमा सबैभन्दा बढी भारतीय पर्यटक रहेका छन्। गत जेठमा ५०० जनाले बञ्जीजम्प गरेकामा त्यस मध्ये ५० प्रतिशत सहासिक भारतीय पर्यटक रहेको बञ्जी नेपाल एडभेन्चर्स प्रालिका अध्यक्ष दुर्गादत्त खरेलले जानकारी दिनुभयो। एकै महिनामा कम्पनीले त्यसबाट रु ३७ लाख ५० हजारभन्दा बढी आम्दानी गर्न सफल भएको छ। उहाँका अनुसार विगतको तुलनामा यस वर्षको वैशाख, जेठ र असारमा बञ्जीजम्प गर्नेको सङ्ख्यामा उल्लेखनीय रूपमा वृद्धि भएको छ। सडक तथा हवाई पहुँच सहज बन्दै जाँदा भारतीय पर्यटकको पोखरा आगमनमा उल्लेख्य वृद्धि भएको छ। पछिल्लो समय दैनिकजसो भारतीय युवाको समूह बञ्जीजम्प गर्न आउने गरेको पाइएको छ।

विदेशमा रोजगारी तथा उच्च शिक्षाका लागि गएका नेपाली युवा छुट्टीमा स्वदेश फर्किएपछि पोखरा घुमघामसँगै साहसिक खेलको अनुभव गर्ने चाहना राख्ने क्रम पनि बढेको छ। उनीहरूका लागि बञ्जीजम्प छुट्टीको विशेष आकर्षण बन्न थालेको अध्यक्ष खरेलको भनाइ छ।

उहाँले भन्नुभयो, "छ वर्षअघि सञ्चालनमा आएको बञ्जी नेपालले हालसम्म १५ हजारभन्दा बढी व्यक्तिलाई बञ्जीजम्प गराइसकेको छ। कम्पनीले प्रत्येक व्यक्तिबाट रु सात हजार ५०० शुल्क लिने गरेको छ। जसमा फोटो, भिडियो र टिसर्ट उपहारको समेत व्यवस्था गरेको छ।" एक सय एक मिटरको गहिराइमा हामफाल्ने उक्त बञ्जीजम्पको सबैभन्दा ठूलो विशेषता भनेको प्राकृतिक दृश्य हो। उहाँले भन्नुभयो, "हामफाल्ने क्रममा एकातिर माछापुच्छ्रे र अन्नपूर्ण हिमशृङ्खलाको मनमोहक दृश्य देखिन्छ भने अर्कातर्फ तल बगेको सेती खोंच र वरपरको हरियालीले साहसिक अनुभवलाई अझ रोमाञ्चक बनाइदिन्छ।" यही दृश्यावलोकनका कारण धेरै पर्यटकले पोखराको बञ्जीलाई जीवनकै अविस्मरणीय अनुभवका रूपमा लिने गरेका छन्।

बञ्जी नेपालका संस्थापक अध्यक्ष सन्तोष भट्टराईसहित ११ जना पोखराका युवा उद्यमीले उक्त संस्थामा संयुक्त रूपमा रु आठ करोड २५ लाख लगानी गर्नुभएको हो।

क्यान्टिलिभर ब्रिजको डिजाइनमा बनाएको ३५ मिटर अग्लो टावरको फेदबाट बञ्जीजम्पका लागि ५५ मिटर लामो प्लेटफर्म निर्माण गरिएको छ। सेती नदीको खोंचमा बनेको र फराकिलो हिमशृङ्खला हेर्दै जम्प गर्न पाइने भएकाले बञ्जीजम्पमा थप आकर्षण बढ्ने विश्वास गरिएको छ। बञ्जी सञ्चालनमा आएसँगै अप्रत्यक्ष रूपमा स्थानीयलाई रोजागरी, पर्यटन व्यवसाय र आसपासका होटल, रेष्टुरेन्ट तथा यातायात क्षेत्रमा समेत आर्थिक गतिविधि बढाएको छ।

कम्पनीमा हाल २० जनाले प्रत्यक्ष रोजगार प्राप्त गरेको कम्पनीका कार्यकारी निर्देशक मीना बरालले जानकारी दिनुभयो। प्रत्येक वर्ष कम्पनीले नेपाल सरकारलाई दुईदेखि साढे दुई लाखसम्म राजस्व बुझाउँदै आएको छ।

पोखरामा प्याराग्लाइडिङ, जिपलाइन, अल्ट्रालाइट, हटएयर बेलुनजस्ता साहसिक गतिविधिसँगै बञ्जीजम्प पनि महत्त्वपूर्ण पर्यटन उत्पादनका रूपमा स्थापित हुँदै गएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले बताउनुभयो।

विदेशी मुद्रा आर्जन, युवालाई रोजगारी तथा पोखराको पर्यटन प्रवर्द्धनमा यस्ता साहसिक खेलले उल्लेखनीय योगदान पुर्याइरहेका छन्। उहाँका अनुसार पर्यटन व्यवसायीहरूका अनुसार साहसिक पर्यटनका यस्ता गन्तव्यलाई स्थानीय समुदाय, निजी क्षेत्र र सरकारी निकायबीचको सहकार्यबाट अझ व्यवस्थित रूपमा प्रवर्द्धन गर्न सके पोखराले अन्तरराष्ट्रिय साहसिक पर्यटन गन्तव्यका रूपमा थप उचाइ हासिल गर्न सक्नेछ।

पोखराको मुख्य पर्यटकीय स्थलबाट करिब तीन मिलोमिटर दूरीमा रहेको बञ्जी कतिपय आन्तरिक पर्यटकको यही प्रयोजनका लागि पोखरा बसाइ लम्बिन सक्छ। तर एकैदिनमा बञ्जीजम्प गरेर फर्कन पनि सकिने छ। प्रमुख लामिछानेका अनुसार गण्डकी प्रदेशमा कुश्मासहित पोखरा रातोपैह्रा र हेमजामा पनि बञ्जी सञ्चालन गरिएको छ।

## इन्दिराको मूर्तिकारिताको माग उच्च

बागमती। चितवनको भरतपुर महानगर पालिका-२१ पार्वतीपुरस्थित 'डिभाइन आर्ट स्टुडियो'का सञ्चालिका इन्दिरा श्रेष्ठको मूर्तिकारिता यतिखेर अन्यका लागि पनि प्रेरक बनेको छ।

बाल्यावस्थाबाटै आफ्नो मूर्तिकारिता प्रतिको रुचिलाई व्यावहारिक जीवनमा सशक्त प्रयोग गरिरहनुभएकी उहाँले यसबीचमा धेरै सङ्ख्यामा मूर्तिहरू निर्माण गरिसक्नुभएको छ। देशका विभिन्न स्थानमा उहाँले तयार गरेका मूर्तिहरू पुगिसकेका छन् भने ठाउँठाउँमा हुने गरेको विभिन्न मूर्ति कार्याशालामा पनि उहाँको माग उत्तिकै बढ्दो छ। हालै खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा सञ्चालित मझुवागढी मूर्ति कार्याशाला पुगेर उहाँले साप्सु खोलाका ढुङ्गामा हेर्दै मनमोहक लाग्ने प्रकृतिपरक चरी अमिलीको पात निर्माण सम्पन्न गरिसक्नुभएको छ। उहाँले तयार गरेका विभिन्न स्थानमा सजाइएका मूर्तिले पनि उहाँको मूर्तिकारितालाई थप चर्चामा पुर्याएका छन्।

चितवनको भरतपुर विमानस्थल अगाडि रहेको बाघको मूर्ति उहाँले नै निर्माण गर्नुभएको हो। त्यस्तै कोहोलपुरको चौराहामा राखिएको बाघ, हात्ती आदिको मूर्ति, चितवनको भरतपुर महानगरपालिका-२२ वडा कार्यालय अगाडि कमलपोखरीको बीचमा राखिएको कमलको फूल, भरतपुर- २३ घैलाघारीमा राखिएको घैलासहितको महिलाको मूर्तिका कारण उहाँको मूर्तिकारिताले चर्चा पाउने गरेको छ।

गोरखाको मनकामनामा राखिएको हातले सुन्तला थामेको मूर्तिदेखि रामपुरको विश्वविद्यालय अघि राखिएको नौ फिटको मकै, मैघौलीमा रहेको घैला बोकेको थरुनीको मूर्ति, नेपालगन्जको चिल्ड्रेन पार्कमा राखिएका गैंडाको माउ, बच्चा, हात्ती, बाघ आदिका मूर्तिहरू उहाँले निर्माण गर्नुभएको हो।

आफ्ना दाजु भीम श्रेष्ठको प्रेरणाले बाल्यवस्थादेखि नै मूर्तिकलाका क्षेत्रमा आकर्षित बन्नुभएकी श्रेष्ठ स्कुले जीवनका क्रममा पनि विभिन्न पेन्टिङहरू गर्ने गरेको अनुभव सुनाउनुहुन्छ।

चितवनको पोखरा बसपार्कस्थित आदिकवि भानुभक्त माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरी सन् १९९९ मा ललितकला क्याम्पसमा प्रमाणपत्र तहमा भर्ना हुनुभएकी श्रेष्ठले त्यहींबाट फाइन आर्ट विषयमा स्नातक तहसम्मको अध्ययन पूरा गर्नुभएको थियो।

स्नातक तहको पढाइ सन् २००४ मा सकेर काठमाडौंको सृजना क्याम्पसमा करिब पाँच-सात महिना मूर्तिकला पढाएपछि थप अध्ययनका लागि जर्मन जानुभएकी उहाँले त्यहाँ पढाइसँगै त्यहाँ करिब छ वर्ष बिताएर स्वदेशमा नै केही गर्नुपर्छ भन्ने सोचका साथ नेपाल फर्किएको बताउनुभयो।

"जर्मनबाट फर्केपछि पछिल्ला १० वर्षयता मूर्तिकारिताका क्षेत्रमा निरन्तर लागिरहेकी छु", उहाँले भन्नुभयो, "मूर्तिकारिताका क्षेत्रमा इमान्दार र जिम्मेवार भएर लाग्न सकेमा रोजगारीकै लागि कोही पनि भौंतारिनुपर्ने अवस्था छैन।" ललितकलाका क्षेत्रमा मूर्तिकारिताको अध्ययनमा लागिरहेका युवायुवतीलाई उहाँले उच्च मनोबलका साथ आफ्नो अध्ययनलाई पूरा गर्न पनि सुझाउनुभयो।

विभिन्न कार्यशालाहरूमा पनि सहभागी बनिसक्नुभएकी श्रेष्ठ सन् २००५ मा आयोजित पहिलो 'आरम्भ' मूर्तिकला सिम्पोजियममा समकालीन मूर्तिकारका रूपमा सहभागी हुनुभएको थियो। उहाँ सोही वर्ष आयोजित 'हरमोनी' अन्तरराष्ट्रिय मूर्तिकला सिम्पोजियममा दृश्य कलाकारका रूपमा सहभागी बन्नुभएको थियो। सन् २०१५ मा आयोजित 'रुपान्तरण' ढुङ्गा मूर्तिकला कार्यशालामा दृश्य कलाकारका रूपमा सहभागिता जनाउनुभएको थियो। राष्ट्रिय मूर्तिकला सिम्पोजियम, 'सृजना' अन्तरराष्ट्रिय मूर्तिकला सिम्पोजियम, मादी राष्ट्रिय ढुङ्गा मूर्तिकला कार्यशालाका साथै सन् २०२२ मा दोस्रो देवदह राष्ट्रिय मूर्तिकला कार्याशालामा दृश्य कलाकारका रूपमा उहाँ सहभागी बन्नुभएको थियो।

मूर्तिकला क्षेत्रको निरन्तरको लगावसँगै उहाँले समकालीन मूर्तिकला विधामा सन् २०१५ को राष्ट्रिय कला प्रदर्शनीमा प्रथम पुरस्कार प्राप्त गर्नुभएको थियो। त्यस्तै 'आर्ट फर नेचर' अन्तरराष्ट्रिय कार्यशालाअन्तर्गत समकालीन मूर्तिकला विधामा सन् २०१५ को सर्वोत्कृष्ट प्रकृति कलाकार सम्मानका साथै २०१८ को आशाकुमारी गुरुङ ललितकला पुरस्कार प्राप्त गरिसक्नुभएको छ।

## पुनः लयमा फर्किंदै नवलपुर क्षेत्रका होटल व्यवसाय

त्रिवेणी। निर्माणाधीन नारायणगढ-बुटवल सडक विस्तार आयोजनाको काम अन्तिम चरणमा पुगेपछि होटल तथा पर्यटन व्यवसाय पुनः चलायमान हुनेमा यहाँका व्यवसायी आशावादी बनेका छन्।

सडक निर्माणका क्रममा वर्षौंदेखि धुलो, हिलो, जाम र जोखिमपूर्ण यात्राका कारण यात्रु तथा पर्यटकले नवलपुर क्षेत्रमा रोकिएर खाना खाने, विश्राम गर्ने तथा घुमफिर गर्ने क्रम उल्लेख्य रूपमा घटेको थियो। यसले राजमार्ग लक्षित होटल, रेष्टुरेन्ट तथा पर्यटन व्यवसायमा प्रत्यक्ष असर परेको व्यवसायीहरू बताउँछन्। अहिले सडक कालोपत्र भइसकेपछि यात्रुहरूको आवागमन सहज बन्दै गएको र होटलहरूमा पुनः चहलपहल बढ्न थालेको उनीहरूले जनाएका छन्।

नवलपुर होटल व्यवसायी सङ्घका जिल्ला अध्यक्ष सन्तोष रानाका अनुसार सडक विस्तार सुरु भएपछि करिब पाँच-छ वर्षसम्म राजमार्ग आसपासका होटल व्यवसाय अत्यन्तै प्रभावित बने। धुलो र अव्यवस्थित सडकका कारण यात्रुहरू अप्ठ्यारो खण्ड पार गरेपछि मात्र खाना खाने वा विश्राम गर्ने मनस्थितिमा रहने भएकाले होटलहरूको व्यापार उल्लेख्य रूपमा घटेको उहाँले बताउनुभयो।

"सडक निर्माणका कारण लामो समयसम्म व्यापारमा मन्दी छायो। कतिपय व्यवसायीले होटल नै बन्द गर्नुपर्ने अवस्था आयो भने केही विस्थापितसमेत भए", अध्यक्ष रानाले भन्नुभयो, "अब सडक विस्तारको काम करिब सकिएको छ। यात्रुहरू पुनः राजमार्ग आसपासका होटलमा रोकिन थालेका छन्। यसले होटल तथा पर्यटन व्यवसाय पुरानै लयमा फर्किने विश्वास बढाएको छ।"

उहाँका अनुसार गैंडाकोटदेखि दाउन्नेसम्मका अधिकांश होटल व्यवसाय सडक निर्माणका कारण सबैभन्दा बढी प्रभावित भएका थिए। अहिले भने सवारीसाधन नियमित रूपमा रोकिन थालेकाले व्यवसायमा सकारात्मक सङ्केत देखिन थालेको उहाँको भनाइ छ।

दाउन्नेस्थित सुवेदी सेकुवा कर्नरका सञ्चालक विनोद शर्मा सुवेदीले पनि सडक निर्माणको अवधिमा होटल सञ्चालन गर्न निकै कठिन भएको अनुभव सुनाउनुभयो। "धुलो र हिलोका कारण यात्रुहरू होटलमा रोकिनै चाहँदैनथे। होटलभित्रका सामग्रीसमेत धुलोले ढाकिन्थे। दैनिक व्यापार निकै घटेको थियो", उहाँले भन्नुभयो, "अहिले सडक राम्रो बन्दै गएको छ। यात्रुहरूको आवागमन बढ्न थालेको छ। यसले व्यवसाय फेरि चलायमान हुने आशा जगाएको छ।" नवलपुर होटल व्यवसायी सङ्घका अनुसार जिल्लाभर करिब एक हजार १०० होटल तथा पर्यटनसम्बन्धी व्यवसाय सञ्चालनमा छन्। तीममध्ये धेरैजसो राजमार्ग निर्माणका कारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भएका थिए। अब सडक सहज बनेसँगै व्यवसायमा क्रमशः सुधार आउने विश्वास व्यवसायी हरूले गरेका छन्।

नवलपुर पर्यटन समितिका अध्यक्ष फन्सराम महतोका अनुसार सडकको अवस्थाले जिल्लाको पर्यटन क्षेत्रमा ठूलो प्रभाव पारेको थियो। "पर्यटकका लागि गन्तव्य आकर्षक भए पनि सहज पहुँच नहुँदा आगन्तुकको सङ्ख्या घटेको थियो", उहाँले भन्नुभयो, "अब सडक विस्तारको काम लगभग सम्पन्न भएको छ।

## ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको बाटो खुल्यो

काठमाडौँ। सरकारले १२ वर्षदेखि विभिन्न कारणले रोकिएको ढल्केबर-हेटौँडा ४०० केभी प्रसारण लाइन निर्माणको अवरोध हटाएको छ। बुधबारको मन्त्रिपरिषद्को निर्णयसँगै आयोजनाको मकवानपुर खण्डमा वन क्षेत्र प्रयोग गर्ने अनुमति प्राप्त भएको हो।

मन्त्रिपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणलाई वन ऐन, २०७६ को दफा ४२(१) बमोजिम मकवानपुरको हेटौँडा-१५ स्थित रातोमाटे सामुदायिक वन उपभोक्ता समूह तथा बकैया-२ स्थित सरस्वती सामुदायिक वन उपभोक्ता समूहअन्तर्गतको राष्ट्रिय वनको २.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ। साथै उक्त क्षेत्रमा रहेका विभिन्न प्रजातिका एक हजार २९२ वटा रुख हटाउन पनि स्वीकृति प्रदान गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार लामो समयदेखि वन क्षेत्रको स्वीकृति, राइट अफ वे (मार्गाधिकार) तथा रुख कटानसम्बन्धी निर्णय नहुँदा आयोजना रोकिएको थियो। ढल्केबर-हेटौँडा-इनरुवा करिडोर करिब ३०० किलोमिटर लामो रहेको र ४०० केभी उच्च भोल्टेज प्रसारण लाइनका लागि ४६ मिटर चौडाइको मार्गाधिकार आवश्यक पर्ने भएकाले वन क्षेत्रको अनुमति अत्यावश्यक थियो।

हेटौँडादेखि बुटवलसम्म २२० केभी प्रसारण लाइनको सर्किट निर्माण भइसकेको छ। नयाँ ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएपछि पूर्व-पश्चिम विद्युत् प्रवाह सहज हुने, प्रणालीको विश्वसनीयता बढ्ने, पटक-पटक हुने ट्रिपिङ तथा विद्युत् अवरोधमा कमी आउने र अतिरिक्त विद्युत् भारत निर्यात गर्न सहज हुनेछ। नेपाल विद्युत् प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठले प्रसारण लाइन सञ्चालनमा आएपछि नेपालको राष्ट्रिय प्रसारण प्रणाली थप सुदृढ, सन्तुलित र भरपर्दो हुनेछ। पूर्वमा उत्पादन भएको विद्युत् पशिचम र पश्चिममा उत्पादन भएको विद्युत् पूर्वसम्म प्रवाह गर्न मिल्ने बताउनुभयो।

यसैबीच, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले यो परियोजनालाई 'ऊर्जा राजमार्ग' का रुपमा चित्रण गर्दै यसबाट मुलुकको विद्युत् निर्यात क्षमता बढेको र हालको करिब एक हजार मेगावाट विद्युत् निर्यात गर्नसक्ने क्षमता प्रसारण प्रणाली पूर्ण रूपमा सञ्चालनमा आएपछि दुई हजार ५०० देखि तीन हजार मेगावाटसम्म विद्युत् निर्यात गर्न सकिने बताउनुभएको छ।

## जरिवाना नतिर्ने दुई लाखभन्दा बढी चालकको सेवा रोक्का

काठमाडौँ। दुई लाख ६१ हजारभन्दा बढी सवारीचालकले जरिवानावापतको रकम राज्यकोषमा दाखिला नगरेको पाइएको छ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयलका अनुसार ती सवारी चालकलाई यातायात व्यवस्था कार्यालय बाट प्रदान गरिने सेवाबाट वञ्चित हुने छन्।

त्यस्तो जरिवाना नतिर्ने चालकले नयाँ सवारीसाधन खरिद, सवारीसाधन नामसारी (खरिद-बिक्री), सवारीचालक अनुमतिपत्र (लाइसेन्स) नवीकरण तथा यातायात कार्यालयबाट प्रदान गरिने अन्य सेवा लिन पाउने छैनन्। लामो समयसम्म ती चालकले जरिवाना नतिरेपछि ट्राफिक प्रहरीले यातायात कार्यालयमा पठाएको विवरणका आधारमा सेवा रोक्का प्रक्रिया अघि बढिसकेको छ। उक्त जरिवाना वापतको रकम दाखिला नगरेसम्म त्यहाँबाट पाउने विभिन्न सेवा रोक्का हुने प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो।

जरिवानावापतको रकम पूर्ण रूपमा बुझाएपछि मात्रै ती सेवा पुनः प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ।

यातायात व्यवस्था कार्यालयले अब कुनै पनि नयाँ सेवा लिनुअघि सम्बन्धित चालकले ट्राफिक जरिवाना वापतको रकम राज्यकोषमा तिरेको पुष्टि अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ। जरिवानावापतको रकम जम्मा गर्न बाँकीलाई मोबाइल सन्देश (एसएमएस) मार्फत जानकारी गराउने कार्य सुरु गरिएको छ। ट्राफिक प्रहरीका अनुसार यो कदम जरिवानावापतको रकम राज्यकोषमा



जम्मा गर्ने अभियानलाई प्रभावकारी बनाउनका साथै ट्राफिक नियम पालना गर्ने संस्कृतिको विकास र सडक अनुशासन कायम गर्न लागू गरिएको जनाइएको छ।

ट्राफिक नियम उल्लङ्घन गरी जरिवानावापत रकम राज्य कोषलाई नतिर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्तो व्यवस्था प्रभावकारी हुने विश्वास गरिएको प्रवक्ता सुवेदीले बताउनुभयो।

उपत्यका ट्राफिक प्रहरी कार्यालयले ट्राफिक नियमको पूर्णपालना गर्न चालकलाई अनुरोध गरेको छ।

## लमजुङ कारागार बजेट अभावमा रोकियो

लमजुङ। बेँसीसहर सेराफाटमा रहेको जिल्ला कारागार बजेट अभावमा निर्माण हुन नसकेपछि बन्द भइ १०९ कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गरिएको छ।

भवन विकास तथा निर्माण कार्यालय, कास्कीले तयार पारेको प्रतिवेदन अनुसार पुनःनिर्माणका लागि रु १७ करोड ७४ लाख लागत अनुमान तयार भए सम्बन्धित निकायमा पेस भएको लमजुङ कारागारका निमित्त जेलर पृसा गौतमले जानकारी दिनुभयो। कारागार विसं २०२८ मा निर्माण भएको थियो। हाल कारागारमा कैदीबन्दी छैनन्। लेखा अधिकृतको पद रिक्त छ। कारागारमा छ जना कर्मचारी कार्यरत छन्। प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनालले कारागार भवन जीर्ण भएकाले सामान्य मर्मतबाट सञ्चालन गर्न नसकिने जानकारी दिनुभयो। कैदीबन्दी जिल्ला बाहिर रहँदा अदालतमा उपस्थित गराउन, आफन्तसँग भेटघाट गराउन तथा अन्य प्रशासनिक काम सम्पन्न गर्न अतिरिक्त समय, जनशक्ति र खर्च लाग्दै आएको छ।

## लालबन्दीमा गोली प्रहार गरी लुटपाटको प्रयास

बरहथवा। सर्लाहीको लालबन्दीमा गएराती गोली प्रहार गरी लुटपाटको प्रयास भएको छ।

रातिको समयमा लालबन्दी नगरपालिका-७ र ३ को सीमास्थित सडकमा अज्ञात समूहले गोली प्रहार गरी लुटपाटको प्रयास गरेको हो।

लालबन्दी बजारमा मोबाइल पसल सञ्चालन गर्दै आउनुभएका लालबन्दी नगरपालिका-७, का हरिप्रसाद सापकोटालाई राति पसल बन्द गरेर घर जाने क्रममा मोटरसाइकल चढेर आएका तीन जनाले लुट्ने प्रयास गरेका प्रहरीले जनाएको छ। "लालबन्दी बजारमा मोबाइल पसल सञ्चालन गर्ने व्यक्तिलाई राति पन्छ्याएर एकान्त जस्तो ठाउँमा पुगेपछि बाटो घेरेर लुट्ने प्रयास भएको छ।" जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले भन्नुभयो, "उहाँले प्रतिकार गरेपछि उनीहरु गोली पड्काउँदै भागेका देखिन्छ। हामी अनुसन्धानमै छौँ।"

मोटरसाइकलमा घर जाँदै गरेका सापकोटाले लुटेरा समूहको प्रतिकार गरेपछि उनीहरु नलकटुवा पेस्तोलबाट गोली प्रहार गरी फरार भएका उहाँले बताउनुभयो। घटनास्थलबाट नलकटुवा पेस्तोलबाट पड्काएको गोलीको खोखासमेत प्रहरीले बरामद गरेको छ।

## पालिकामा विशेषज्ञ सेवा विस्तार गर्दै भरतपुर अस्पताल

चितवन। भरतपुर अस्पतालमा बिरामीको चाप बढेपछि जिल्लाका सबै पालिकामा विशेषज्ञ सेवा विस्तार गर्ने योजना अघि बढाएको छ।

भरतपुर महानगरपालिका, राप्ती, कालिका, रत्ननगर खैरहनी, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा भरतपुर अस्पतालका चिकित्सकद्वारा बहिरङ्ग सेवा (ओपिडी) सञ्चालन गर्ने योजनाअघि बढाएको हो। अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा विश्वबन्धु बगालेले भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीसहितको टोलीसँग शारदानगर हेल्थपोष्ट स्थलगत अध्ययन गरेको छ।

बगालेले उक्त हेल्थपोष्टमा भरतपुर अस्पतालका विशेषज्ञ चिकित्सक पठाउने गरी तयारी भइरहेको बताउनुभयो।


## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. शाखा, धादिङ्गबेशीको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति २०८३/०३/२६ गते)

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामादिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम: कृषि विकास बैंक लि.शाखा धादिङ्गबेशी**

तपसिल

१. कर्जा ग्राहकको नाम : खेमविक्रम शाह

| क्र. सं. | कर्जा ग्राहकको नाम | ठेगाना | नागरीकता नं., जारी भएको जिल्ला र मिति | ग्राहकको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८३/०३/२४ गते सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | खेमविक्रम शाह | त्रिपुरासुन्दरी गा.पा.६,धादिङ | २१/२५६३/१६२८-०४५/४६, धादिङ, २०५७/०४/०१ | लोक विक्रम शाह | नर प्रसाद शाह | कृषि कर्जा | ३,८०,००० | ५६,३२४ | ४,३६,३२४ | |

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय बिरेन्द्रनगर, चितवन


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com